त्रिवेणी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## लुहाम, सल्यान, कर्णाली प्रदेश नेपाल

# कर्मचारी कार्यविवरण



तयार पार्ने

भिजन आईटि कन्सल्टेन्सी एण्ड ईन्जिनियरिङ्ग
सोलुसन्स प्रा.लि.
गुर्भाकोट, ८ सुर्खेत नेपाल

त्रिवेणी गाउँपालिकाको

# कर्मचारी कार्यविवरण

२०७८

त्रिवेणी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

लुहाम, सल्यान, कर्णाली प्रदेश, नेपाल

तयार गर्ने संस्थाः

भिजन आईटी कन्सल्टेन्सी एण्ड ईन्जिनियरिङ सोलुसन प्रा.ली

गुर्भाकोट, ८ सुर्खेत नेपाल

## विषय सुची


| | | |
|---|---|---|
| १.१ | परिचय | १ |
| १.२ | पृष्ठभूमि | २ |
| १.३ | अध्ययनको उद्देश्य | २ |
| १.४ | अध्ययन विधि | २ |
| १.५ | कार्यविवरण तयार पार्दा ध्यान दिईएका विषयहरू | २ |
| १.६ | प्रतिवेदनले समेटेका क्षेत्रहरू | ३ |
| १.७ | प्रतिवेदनका भागहरू | ३ |
| | भाग २ | ४ |
| | विद्यमान कार्यक्षेत्र, मौजुदा सांगठनिक संरचना | ४ |
| २.१ | मौजुदा संगठन संरचना | ४ |
| २.२ | दरबन्दी तेरिज | ५ |
| २.३ | गाउंपालिकामा विद्यमान शाखा, उपशाखा तथा इकाईहरू | ६ |
| २.४ | विषयगत कार्यक्षेत्रहरू | ९ |
| | भाग ३ | २२ |
| | शाखा, उपशाखा, ईकाई र कर्मचारीको कार्यविवरण | २२ |
| ३.१ | गाउपालिकाको शाखागत कार्यक्षेत्रगत विवरण | २२ |
| ३.२ | शाखा,उपशाखा,प्रमुख र अन्य कर्मचारीको कार्यविरण | २२ |
| ३.२.१ | प्रशासान शाखा प्रमुख, सो अन्तरगतका उपशाखा प्रमुख र अन्य कर्मचारीको कार्यविवरण | २२ |
| ३.२.२ | पूर्वाधार विकास शाखा प्रमुख, सो अन्तरगतका उपशाखा प्रमुख र अन्य कर्मचारीको कार्यविवरण | ६० |
| ३.२.३ | स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख, सो अन्तरगतका उपशाखा प्रमुख र अन्य कर्मचारीको कार्यविवरण | ९६ |
| ३.२.४ | शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख, सो अन्तरगतका उपशाखा प्रमुख र अन्य कर्मचारीको कार्यविवरण | ११९ |
| ३.२.५ | आर्थिक विकास शाखा प्रमुख, सो अन्तरगतका उपशाखा प्रमुख र अन्य कर्मचारीको कार्यविवरण | १२९ |
| ३.२.६ | वित्तिय व्यवस्थापन तथा आर्थिक प्रशासान शाखा प्रमुख, सो अन्तरगतका उपशाखा प्रमुख र अन्य कर्मचारीको कार्यविवरण | १५० |
| ३.२.७ | आन्तरिक लेखापरिक्षण ईकाई अन्तरगतका कर्मचारीको कार्यविवरण | १६० |
| ३.२.८ | सूचना प्रविधि अधिकृतको कार्यविवरण | १६३ |
| ३.२.९ | अन्य कर्मचारीहरूको कार्यविवरण | १६८ |
| ३.३ | वडा कार्यालयका कर्मचारीको कार्यविवरण | १७२ |
| | अनुसूची १ सन्द्रभसामाग्री | १७९ |

भाग - एक

# १. परिचयात्मक पृष्ठभूमि

## १.१ गाउँपालिकाको संक्षिप्त परिचय

त्रिवेणी गाउँपालिका ६ नं. प्रदेश अन्तर्गत सल्यान जिल्लाका साबिकका काभ्रा, काँरागिठी, फलावाङ र त्रिवेणी गरी ४ ओटा गा.वि.स.लाई समावेश गरी स्थापना भएको हो । शारदा खोला, लुहाम खोला र घुर खोलाको संगम स्थल भएकालेनै यसको नाउँ त्रिवेणी गाउँपालिका रहन गएको हो । यस गाउँपालिकाको कुल क्षेत्रफल जम्मा ११९.११ वर्ग कि.मि रहेको छ । यस गाउँपालिकाको पूर्वमा कपुरकोट गाउँपालिका, पश्चिममा कालिमाटी गाउँपालिका उत्तरमा शारदा नगरपालिका र छत्रेश्वरी गाउँपालिका र दक्षिणमा दाङ जिल्ला पर्दछ । त्रिवेणी गाउँपालिका विश्व मानचित्रमा २८ं१४ं देखि २८ं२०ं उत्तरी आक्षांश र ८२ं०८ं देखि ८२ं२०ं पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ भने समुद्री सतहबाट ७८३ देखि २,१०७ मिटरसम्मको उचाइमा अवस्थित छ ।

सल्यान जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरु मध्ये त्रिवेणी गाउँपालिका विकासको राम्रो सम्भावना बोकेको गाउँपालिका हुनुका साथसाथै यहाँका सचेत राजनैतिक दल र उत्प्रेरित गाउँवासी यो गाउँपालिकाका दरिलो अनि दीगो विकासका श्रोत हुन् । २०६८ को जनगणनाअनुसार यस गाउँपालिकाको जनसंख्या १६,६२४ रहेको छ जस मध्ये महिलाको जनसंख्या ८,८९८ (५३.५३ प्रतिशत) र पुरुषको जनसंख्या ७,७२६ (४६.४७ प्रतिशत) रहेको छ । यस गाउँपालिकामा विभिन्न जातजाति तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । २०६८ को जनगणनाअनुसार सबैभन्दा बढी क्षेत्री जाति ९,०९३ जना (५४.७२%), दोस्रोमा मगर ४,४३५ (२६.६८%) र तेस्रोमा कामी १,२९६ (७.८०%) हरुको बसोबास रहेको छ ।

औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायकाउद्योग साथै वैदेशिक रोजगारी पनि हो । परम्परागत प्रणालीको कृषि ब्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम क्रमश बढिरहेको छ । यस गाउँपालिका आधारभूतदेखि माध्यमिक शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्थाहरु रहेका छन् भने उच्च शिक्षा विकासको पहल भैरहेको छ । यस गाउँपालिकामा सामुदायिक र संस्थागत गरी ६ वटा माध्यामिक तहका विद्यालय र २९ वटा आधारभूत तहका विद्यालय गरी जम्मा ३५ वटा शिक्षण संस्थाहरु संचालित छन् ।

विगत लामो समयसम्म स्थानीय निकायमा जनप्रतिनिधिको अभाव, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । तथापी विगत १ वर्ष पहिले भएको स्थानीय तहको निर्वाचन पश्चात जनप्रतिनिधिहरुके वहाली भए सगंठै विकास तथा सेवा प्रवाहमा जन अपेक्षा हरु सम्वोधन हुने र न.नागरीकका माग र आवस्यकताहरुका तत्काल सम्वोधन हुने सम्भावना वढेर गएको छ भने जनताका आशाका किरणहरु फैलीदै गएका छन । विकासरको लहर वढेर गएको छ । विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस गाउँपालिकामा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, माघि, होली, गौरा, कृष्णजन्माष्टमी, महाशिवरात्री, साउने र माघे संक्रान्ति, चैते दशै, बकरइद, बुद्धजयन्ती आदि यहाँका चाडपर्व आफ्नो धर्मअनुसार मनाउने गरेको पाईन्छ ।



... Vision IT Consultancy & Engineering Solution P.Ltd.

## १.२ पृष्ठभूमि

संगठन विकासको सन्दर्भमा त्यस्तो निकायको सुदृढ संगठनात्मक ढाँचा र पदाधिकारी एवम् कर्मचारीहरूको कार्य विवरणलाई अलग राख्न मिल्दैन । यी दुई पक्षहरू व्यवस्थापनका मेरुदण्ड नै हुन् । व्यवस्थापनको सिद्धान्तको आधारमा अथवा प्रक्रिया र प्राविधिक पक्षको सम्मिलनको आधारमा संगठनको ढाँचा तयार गरी त्यससँग आबद्ध हुने गरी कार्य विवरण तयार गर्ने र कर्मचारीलाई सोही अनुसार जिम्मेवारी प्रदान गर्न सकेमा मात्र सङ्गठनबाट अपेक्षित प्रतिफल प्राप्त हुन जान्छ ।

गाउँपालिकाहरुको वर्तमान अवस्थालाई नियाल्दा सङ्गठनको ढाँचालाई कार्यात्मक रूपले परिणाममुखी बनाउन सकेको पाइँदैन । मन्त्रालयबाट तयार भएको सङ्गठन स्वरूपलाई पनि व्यवहारमा ल्याउन नसकेको आभास हुन्छ । यसरी नै गाउँपालिकाहरूमा कर्मचारीहरूको दैनिक काम समेत कार्य विवरणबाट निर्देशित गर्न सकिएको छैन । मौखिक आदेश तथा कागजपत्रको शिरमा हुने तोकआदेशहरू समेत कार्य विवरणका आधार बनेका छन् । यस सन्दर्भमा स्थानीय तहहरुको सङ्गठनात्मक ढाँचा र कार्य विवरण सम्बन्धमा के कस्तो कानूनी व्यवस्था छ त्यसलाई पनि हेरिनु आवश्यक हुन्छ । कानुनी ब्यवस्थालाई हेर्दा मूल रुपमा स्थानिय सरकार संचालन ऐन २०७४ लाई नै प्रमुख आधारको रुपमा लिनु पर्दछ । यस अध्ययनका आधारहरुलाई अनुसूचिमा सन्द्रभसुचीको रुपमा अन्तिममा रमखिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

त्रिवेणी गाउँपालिका सल्यानको सांगठानिक संरचना तथा व्यवस्थापन गरि मौजुदा कार्य क्षेत्र र संरचनाको सिंहावलोकन गर्न आवश्यक देखिएकोले गाउँपालिका लाई मानव संसाधनको नँया भूमिकामा रुपान्तरण गर्नका र कार्यसम्पादन लाई प्रभावकारी बनाई कर्मचारीलाई आफ्नो कामकारवाहि प्रति जवाफदेही वनाउन उर्पयुक्त कार्यविवरण तयार गर्नु पहिलो उद्देश्य रहेको छ । यस अध्ययनका अन्य विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन् ह्य

१. गाउँपालिकाको काम तथा संगठन संरचनाको सिंहावलोकन गर्ने

२. गाउँपालिकाको कर्मचारीको कार्यविवरण तयार पार्ने ।

## १.४ अध्ययन विधि

त्रिवेणी गाउँपालिका सल्यानको संगठन संरचना पुनरावलोकन तथा कर्मचारीहरुको कार्य विवरण सम्वन्धि अध्ययन गर्दा निम्न अनुसारका अध्ययन विधिहरु अपनाईएको छ ।

- व्यक्तिगत छलफल तथा अन्तरवार्ता
- शाखागत छलफल
- अवलोकन तथा सल्लाह, सुझाव र अपेक्षा संकलन
- सम्वन्धित सन्र्दभ सामाग्रीहरुको अध्ययन

## १.५ कार्य विवरण तयार गर्दा ध्यान दिइएका विषयहरु

- नेपालको संविधानको अनुसुचि ८ र ९ मा उल्लेख गरिएका एकल र साझा अधिकार सुचिका विषयहरु

Consultancy & Engineering Solution Pvt.Ltd.

- स्थानिय सरकार संचालन ऐन २०७४ मा समावेश गरिएका गाउँपालिकाको भुमिका, जिम्मेवारी र कार्यक्षेत्रहरु तथा स्थानिय परिस्थिति
- त्रिवेणी गाउँपालिका कार्यविभान नियमावली २०७४
- त्रिवेणी गाउँपालिका कार्यसम्पादन नियमावली २०७४
- गाउँपालिकामा रहेका मौजुदा उपशाखा र उपशाखाहरूबाट भइरहेका कार्यहरूको अध्ययन र विश्लेषण ।
- गाउँपालिकाको मौजुदा कार्यप्रक्रियाको अध्ययन एवम् विश्लेषण ।
- मौजुदा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार पारिएको संगठन संरचना
- कार्यप्रकृति, कार्यबोझ र अनुभवलाई समेत विश्लेषणको आधारको रूपमा ग्रहण ।
- सहभागितात्मक पद्धति अवलम्वन गरी प्राप्त सुझावहरूलाई आधार ।

## १.६ प्रतिवेदनले समेटेका क्षेत्रहरु

यस अध्ययनले निम्न क्षेत्रहरू समेटेको छ ।

- गाउँपालिकाको सङ्गठनको ढाँचा अनुसारको उपशाखा, उपशाखा र इकाईहरूको कार्य विवरण तयार ।
- सङ्गठनात्मक संरचना प्रस्ताव गर्दा अधिकार प्रत्यायोजन (delegation of authority), सुपरीवेक्षण (supervision) र कार्यसम्पादन मूल्यांकन (performance evaluation) मा पनि सहयोग पुगोस् भन्ने विषयलाई समेत मध्यनजर राखिएको छ । यसले गर्दा कर्मचारीहरूको उच्च मनोवल कायम राख्न सघाउ पुग्ने अपेक्षा गरिएको छ ।

## १.७ प्रतिवेदनका भागहरु

यो प्रतिवेदनमा तिन भाग र अनुसूची खण्ड रहने छन् । पहिलो भागमा परिचयात्मक पृष्ठभुमि (प्रस्तुत प्रतिवेदनका उद्देश्य, अध्ययन विधि,समेटेका क्षेत्रहरु अपनाइएका तौरतरिका, समेटिएका क्षेत्र एवम् ग्रहण गरिएका मान्यताहरू लगायत अध्ययनका सिमा) उल्लेख गरिएको छ भने दोस्रो भागमा गाउँपालिकाको मौजुदा संगठनात्मक ढाँचा लगायत शाखा, उपशाखागत र ईकाईको विवरण , तेस्रो भागमा शाखा र उपशाखा तथा कर्मचारीको कार्यविवरण समावेश गरिएको छ । अनुसूची खण्डले गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुको विवरण,र सन्द्रभसूची समेटने छ ।

Vision IT Consultancy & Engineering Solution Pvt. Ltd.


भाग - दुई

# २.बिद्यमान कार्य क्षेत्र, मौजुदा सांगठनिक संरचना

## २.१ मौजुदा संगठन संरचना

त्रिबेणी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय सल्यान



## २.२ त्रिवेणी गाउँपालिकाको दरबन्दी तेरिज

### दरबन्दी तेरीज

| क.सं. | पद नाम | श्रेणी/तह | प्राविधिक | अप्राविधिक | जम्मा |
|---|---|---|---|---|---|
| | | **कार्यपालिकातर्फ** | | | |
| १ | प्रमुख प्रशासकीय अधिकृत | रा.प.तृतीय | ० | १ | १ |
| २ | शाखा अधिकृत | रा.प.तृतीय (शिक्षा) वा अधिकृत छैठौं/सातौं/आठौं | ० | १ | १ |
| ३ | इन्जिनियर | रा.प.तृतीय (सिभिल जनरल/बिल्डिङ, स्यानिटरी/सिँचाई/हाइवे) वा अधिकृत सातौं/आठौं | १ | ० | १ |
| ४ | नायब सुब्बा | रा.प.अन.प्रथम (प्रशासन) वा अधिकृत छैठौं/सहायक पाँचौं | ० | ६ | ६ |
| ५ | नायब सुब्बा | रा.प.अन.प्रथम (न्याय/प्रशासन) वा अधिकृत छैठौं/सहायक पाँचौं | ० | १ | १ |
| ६ | [illegible]/नायब सुब्बा | रा.प.अन.प्रथम (शिक्षा/प्रशासन) वा सहायक पाँचौं | ० | १ | १ |
| ७ | म.वि.नि./स.म.वि.नि. वा खरिदार | रा.प.अन.प्रथम वा सहायक पाँचौं वा खरिदार/सहायक चौथो | ० | १ | १ |
| ८ | लेखापाल | रा.प.अन.प्रथम/अधिकृत छैठौं/सहायक पाँचौं | ० | १ | १ |
| ९ | आन्तरिक लेखा परीक्षक | रा.प.अन.प्रथम/अधिकृत छैठौं/सहायक पाँचौं | ० | १ | १ |
| १० | सब इन्जिनियर (सिभिल, जनरल) | रा.प.अन.प्रथम (प्रा.) वा इन्जिनियर छैठौं/सहायक पाँचौं | १ | ० | १ |
| ११ | सब इन्जिनियर (सिभिल, आर्किटेक्ट) | रा.प.अन.प्रथम (प्रा.) वा इन्जिनियर छैठौं/ सहायक पाँचौं | १ | ० | १ |
| १२ | सह लेखापाल | रा.प.अन.द्वितीय वा सहायक पाँचौं/चौथो | ० | १ | १ |
| | | प्रति गाउँ कार्यपालिका कर्मचारी संख्या | ३ | १४ | १७ |
| | | गाउँपालिकाको संख्या | | ३३४ | |
| | | गाउँ कार्यपालिकाको जम्मा कर्मचारी संख्या | १००२ | ४६७६ | ५६७८ |

### वडा कार्यालयतर्फ

| क.सं. | पदनाम | श्रेणी/तह | प्राविधिक | अप्राविधिक | जम्मा |
|---|---|---|---|---|---|
| १ | नायब सुब्बा/खरिदार | रा.प.अन.प्रथम (प्र.) वा अधिकृत छैठौं वा रा.प.अन.द्वि.(प्र)/सहायक पाँचौं/चौथो | ० | १ | १ |
| २ | सब इन्जिनियर/ असिस्टेन्ट सब इन्जिनियर | रा.प.अन.प्रथम (प्रा) वा अधिकृत छैठौं वा सहायक पाँचौं/चौथो (प्रा.) | १ | ० | १ |
| | | प्रति वडा कर्मचारी संख्या | १ | १ | २ |
| | | वडाको संख्या | | ३२६९ | |
| | | वडाको जम्मा कर्मचारी संख्या | ३२६९ | ३२६९ | ६५३८ |

| | | | |
|---|---|---|---|
| **१५ हजार भन्दा कम जनसंख्या भएका ३३४ गाउँपालिकाको जम्मा कर्मचारी संख्या** | ४२७१ | ७९४५ | १२२१६ |

नोट : सूचना प्रविधि अधिकृत, कम्प्युटर अपरेटर, सवारी चालक, कार्यालय सहयोगी, चौकीदार आदि पदमा सेवा करार मार्फत कर्मचारीहरु यस दरबन्दी तेरिजमा समावेश गरिएको छैन। तीनीहरुलाई नियुक्तिको सेवा शर्त अनुसार जिल्लो गाउँ वा इकाई अन्तर्गत राखी काममा लगाउन सकिने छ । यस दरबन्दी तेरिजमा नपरेका तर स्थानीय तहको कार्यसम्पादनका लागि आवश्यक सेवा करार मार्फत आफैं तथा अन्य प्राविधिक कर्मचारीहरु स्थानीय तहले आफ्नो स्तरबाट समेत काममा लगाउन सक्नेछन् ।